लोक सेवा आयोग

दिपायल कार्यालय

राजपुर,डोटी

लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सुचना ।

सूचना नं. ८ /०७८-७९, मिति : २०७८।०५।१५

यस कार्यालयको विज्ञापन नं. १५७०२-१५७०६/२०७७-७८ (खुला तथा समावेशी), संयुक्त तथा एकिकृत, रा.प. अनं. प्रथम श्रेणी, (अप्राविधिक) ना.सु. वा सो सरह पदको परीक्षा केन्द्र **दिपालय** राखि प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षा उत्तीर्ण भएका उम्मेदवारहरुको दोस्रो चरणको प्रतियोगितात्मक लिखित परीक्षा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्बन्धि मापदण्ड २०७७ (तेस्रो संशोधन) को पालना गर्ने गराउने गरी पूर्व निर्धारीत परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

परीक्षा कार्यक्रम:

क्र.सं.	पत्र	विषय	परीक्षा मिति र समय	समय
१.	द्वितीय पत्र (सबै सेवा समूहको लागि)	समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन	२०७८।०६।०९ गते	बिहान ८:०० बजे
तृतिय पत्र (सेवा समूह सम्बन्धि)				
१.	न्याय, न्याय, कानून र सरकारी वकिल	सेवा समूह सम्बन्धी	२०७८।०६।१० गते	बिहान ८:०० बजे
२.	प्रशासन, सा.प्र.		२०७८।०६।११ गते	
३.	प्रशासन, लेखा र लेखापरीक्षण		२०७८।०६।१२ गते	
४.	प्रशासन, राजस्व		२०७८।०६।१४ गते	

परीक्षा केन्द्रहरु:

सि.नं.	पत्र	रोल नं.		उम्मेदवार संख्या	परीक्षा केन्द्र
		देखि	सम्म		
१.	**द्वितीय पत्र** (सबै सेवा समूहको लागि)	७७०००१	७७०६९९	१५०	श्री शहीद स्मृती आ. मा.वि., राजपुर, दिपायल।
२.		७७०७०५	बाँकी सबै	१७७	श्री लोक सेवा आयोग दिपायल कार्यालय, राजपुर।
तृतिय पत्र (सेवा समूह सम्बन्धि)					
१.	न्याय, न्याय, कानून र सरकारी वकिल	७७०००१	७७१८९३	८२	श्री लोक सेवा आयोग दिपायल कार्यालय, राजपुर।
१.	प्रशासन, सा.प्र.	७७०००१	७७०६०७	१००	श्री शहीद स्मृती आ. मा.वि., राजपुर, दिपायल।
२.		७७०६०८	७७१९६३	१४२	श्री लोक सेवा आयोग दिपायल कार्यालय, राजपुर।
१.	प्रशासन, लेखा र लेखापरीक्षण	७७०००३	७७१८७९	१०२	श्री लोक सेवा आयोग दिपायल कार्यालय, राजपुर।
१.	प्रशासन, राजस्व	७७०००३	७७०६६५	१००	श्री शहीद स्मृती आ. मा.वि., राजपुर, दिपायल।
२.		७७०६७०	७७१९५३	१४५	श्री लोक सेवा आयोग दिपायल कार्यालय, राजपुर।

फोनः ०९४-४४०१४७, फ्याक्सः ०९४-४४०१७८, Website: www.psc.gov.np, Email: dipayal@psc.gov.np

द्रष्टव्य १:

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

ख) प्रवेशपत्र विना परीक्षामा सम्मिलित नगराईने हुँदा अनिवार्यरुपमा प्रवेशपत्र साथमा लिई परीक्षा संचालन हुनु भन्दा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ। परीक्षा भवनबाट प्रवेशपत्र वितरण गरिने छैन।

ग) परीक्षा भवनमा झोला, मोवाइल, क्याल्कुलेटर तथा अन्य ईलेक्ट्रोनिक्स सामाग्रीहरु लैजान निषेध गरिएको छ।

घ) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ। वस्तुगत बहु वैकल्पिक प्रश्नको उत्तर दिंदा Capital Letter मा (A,B,C,D) लेख्नु पर्नेछ।

ङ) परीक्षार्थीले परीक्षा दिन आउँदा सम्बन्धित निकायबाट जारी भएको प्रवेश-पत्र सँगै नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र अनिवार्य रुपमा लिई उपस्थित हुनु पर्नेछ।

द्रष्टव्य २: संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्बन्धि मापदण्ड, २०७७ (तेस्रो संशोधन) अनुसार परीक्षार्थीले तपसिलमा उल्लेखित विषयहरुको पूर्ण रुपमा पालन गर्नु पर्नेछ।

क) परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवार स्वयंले कम्तिमा माक्स, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ।

ख) परीक्षार्थीले परीक्षा केन्द्रमा प्रवेश गर्दा, निस्कदा र शौचालय प्रयोग गर्दा भिडभाड नगरीकन एकआपसमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना हुने गरी भौतिक दूरी कायम गर्नुपर्नेछ।

ग) परीक्षार्थीहरुले समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन। परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालन गर्नुपर्नेछ।

घ) उम्मेदवारले आफ्नो स्वास्थ्य अवस्थाको बारेमा आयोगको Website मा गई विद्युतीय माध्यमबाट कोभिड सम्बन्धि स्वयं घोषणा फाराम भर्नु पर्नेछ।

ङ) कोभिड-१९ (COVID-19) संक्रमित उम्मेदवारहरुको लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफु संक्रमित भएको जानकारी यस कार्यालयको फोन नं. ०९४-४४०१४७ वा ०९४-४४०१७८ मा सम्पर्क गरी वा इमेल dipayal@psc.gov.np तथा निवेदनको माध्यमबाट सो को जानकारी यस कार्यालयलाई दिनु हुन सुचित गरिन्छ।

.....
रामचन्द्र रेग्मी
शाखा अधिकत

.....
बिष्णु पौडेल
नि. कार्यालय प्रमुख